# होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १

विराटनगर, नेपाल

२०७७

सन्जीव कुमार राई
सचिव

# होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

प्रदेश भित्र ग्रामीण तथा शहरी क्षेत्रमा बसोवास गर्ने स्थानीय जनसमुदायको संलग्नतामा स्वरोजगारका अवसर सिर्जना गरी जीवनस्तरमा सुधार गर्न, ग्रामीण अर्थतन्त्रमा योगदान पुऱ्याउन एवम् पर्यटनको दिगो विकास र प्रवर्द्धन गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभमा समुदायको पहुँच स्थापित गर्न होमस्टेको सञ्चालन एवम् व्यवस्थापन गरी स्थानीय समुदायलाई पर्यटन व्यवसायमा उन्मुख गराउन वाञ्छनीय भएकाले,

पर्यटन विकास ऐन, २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"निजी होमस्टे"** भन्नाले ग्रामीण तथा शहरी क्षेत्रमा एकल रुपमा दर्ता गरी निजीस्तरमा सञ्चालित होमस्टेलाई सम्झनु पर्छ।

(ख) **"पाहुना"** भन्नाले होमस्टे भएको क्षेत्रमा बास बस्नेगरी वा छोटो अवधिका लागि घुम्न, मनोरञ्जन गर्न, अध्ययन अनुसन्धान गर्न आउने पर्यटक वा आगन्तुक वा अतिथि सम्झनु पर्छ ।

(ग) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ ।

(घ) **"फर्म"** भन्नाले होमस्टे सञ्चालनका लागि सामुहिक रुपमा व्यवस्थापन गर्ने गरी प्रदेशको प्रचलित फर्म दर्ता सम्वन्धी कानून बमोजिम दर्ता भएको साझेदारी फर्म सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(च) **"सम्वन्धित कार्यालय"** भन्नाले मन्त्रालय अन्तर्गतको पर्यटन कार्यालय सम्झनु पर्छ र सो शब्दले पर्यटन कार्यालय नरहेका स्थानको घरेलु तथा साना उद्योग कार्यालयलाई समेत जनाउँछ ।

सञ्जीव कुमार राई
सचिव

(छ) "**समिति**" भन्नाले यस कार्यविधिको दफा १४ बमोजिम गठन भएको होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्छ।

(ज) "**सामुदायिक होमस्टे**" भन्नाले ग्रामीण तथा शहरी क्षेत्रमा कम्तीमा पाँचवटा अलग अलग स्वामित्व भएका घरधनीले सामुहिक रुपमा व्यवस्थापन गर्ने गरी फर्म दर्ता गरी वा नगरी सञ्चालन गरेको होमस्टेलाई सम्झनु पर्छ।

(झ) "**स्थानीय तह**" भन्नाले होमस्टे सञ्चालन हुने महागरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

(ञ) "**होमस्टे**" भन्नाले पाहुनालाई मौलिक संस्कृति सहितको पारिवारिक वातावरणमा स्थानीय खानपान, वसोबास र अन्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापना हुने निजी तथा सामुदायिक होमस्टेलाई सम्झनुपर्छ । सो शब्दले फार्मस्टे वा टेम्पलस्टे वा जंगलस्टे वा टेन्टस्टे समेतलाई जनाउँछ ।

३. <u>दर्ता नगरी होमस्टे संचालन गर्न नहुने</u>: (१) कसैले पनि दर्ता नगरी होमस्टे संचालन गर्न पाईने छैन ।

(२) होमस्टे संचालन गर्न चाहने व्यक्ति वा फर्मले यो कार्यविधि बमोजिम होमस्टे दर्ता गर्नु पर्नेछ ।

४. <u>दर्ताका लागि निवेदन दिनुपर्ने</u>: (१) होमस्टे सञ्चालन गर्न चाहने व्यक्ति वा फर्मले अनुसूची-१ बमोजिमको ढाँचामा एक सय रुपैयाँ निवेदन दस्तुर सहित देहायका कागजात संलग्न गरी सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछः

(क) सम्वन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र,

(ख) जग्गा धनी प्रमाणपूर्जा वा पैतृक सम्पत्ती यकिन हुने प्रमाण वा मञ्जुरीनामा र अन्य स्थानीय वासीको हकमा भाडाको जग्गामा वा भाडाको घरमा सञ्चालन गर्ने भए कम्तिमा तीन वर्षको जग्गा वा घर भाडा सम्झौताको प्रतिलिपी,

(ग) शहरी क्षेत्रभित्र भएमा नक्सा पासको प्रतिलिपी,

(घ) घरजग्गा स्पष्ट रुपमा देखिने फोटो,

सञ्जीव कुमार राई
सचिव

प्रमुख सचिव

(ङ) होमस्टे सञ्चालकको दुई/दुई प्रति फोटो र नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

(च) फर्मको रुपमा दर्ता भई सामुदायिक होमस्टे सञ्चालन गर्नेको हकमा कम्तीमा पाँचजना घर धनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिबद्धता पत्र, फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र कार्य गर्न मञ्जुर भै साक्षीको रोहबरमा सही छाप भएको अनुसूची-९ बमोजिमको ढाँचाको विधान-२ प्रति।

(छ) आधारभूत प्रशिक्षण लिएको भए सो प्रमाणपत्रको प्रतिलिपी,

(ज) प्रस्तावना पत्र (प्रस्तावनामा होमस्टे संचालनको उद्देश्य, स्थानीय उत्पादन, स्थानीय वसोवास तथा साँस्कृतिक विवरण, हेर्न सकिने प्राकृतिक, धार्मिक तथा अन्य आकर्षण, प्रमुख मार्गबाट पुग्ने मार्गको विवरण तथा दुरी, बिजुली तथा वैकल्पिक उर्जा, खानेपानी आपूर्ति, शान्ति सुरक्षाको अवस्था, उपलब्ध हुने सेवा तथा खानाको मेनुको विवरण, सम्पर्क नं लगायतका विवरण खुलेको हुनुपर्ने)

(२) यो कार्यविधि बमोजिम होमस्टे दर्ता गर्नको लागि व्यक्ति वा फर्मले अनुसूची-२ बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ ।

५. <u>होमस्टेको दर्ताः</u> (१) दफा ४ बमोजिम होमस्टे दर्ताको लागि निवेदन पर्न आएमा सम्वन्धित कार्यालयले पन्ध्र दिन भित्र सम्वन्धित वडा कार्यालयको प्रतिनिधी सहित त्यस्तो निवेदनका साथ प्राप्त कागज प्रमाणको सम्बन्धमा स्थलगत अनुगमन गरी जाँचबुझ गर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा भएको नदेखिएमा त्यस्तो मापदण्ड पूरा गर्न सम्वन्धित कार्यालयले एक महिना समय दिनु पर्नेछ र उक्त समय भित्र पनि मापदण्ड पूरा नभएमा निवेदन तामेलीमा राख्नु पर्नेछ।

सञ्जीव कुमार राई
सचिव